# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.

# Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बै. इ. पा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)"

केन्द्रीय कार्यालय बनेपा-१० काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६४५७९

## Unaudited Financial Result (Quarterly)
## At the end of Third Quarter (31/12/2077) of the Fiscal Year 2077/078

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,138,131.54** | **3,540,244.41** | **1,859,594.52** |
| 1.1 | Paid-up Capital | 286,763.15 | 263,448.00 | 199,020.00 |
| 1.2 | Reserves and Surplus | 124,205.73 | 132,051.02 | 56,692.55 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,431,561.14 | 1,929,424.84 | 941,990.98 |
| 1.5 | Deposits (a+b) | 1,178,691.15 | 1,061,251.51 | 637,475.97 |
| | a. Domestic Currency | 1,178,691.15 | 1,061,251.51 | 637,475.97 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 33,572.64 | - | 2,927.27 |
| 1.7 | Other Liabilities | 83,337.73 | 154,069.03 | 21,487.76 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,138,131.54** | **3,540,244.41** | **1,859,594.52** |
| 2.1 | Cash & Bank Balance | 169,492.84 | 137,022.64 | 83,143.16 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | 1,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 3,906,646.91 | 3,288,761.33 | 1,745,228.96 |
| 2.5 | Fixed Assets | 21,469.20 | 17,776.54 | 15,419.47 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 39,522.59 | 95,683.90 | 14,802.93 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 355,843.42 | 231,696.03 | 203,838.09 |
| 3.2 | Interest Expense | 152,773.54 | 99,037.44 | 111,187.90 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **203,069.88** | **132,658.60** | **92,650.19** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 71,507.77 | 45,871.07 | 36,140.59 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **274,577.65** | **178,529.66** | **128,790.79** |
| 3.6 | Staff Expenses | 119,704.34 | 69,826.29 | 54,932.81 |
| 3.7 | Other Operating Expenses | 34,294.82 | 19,720.16 | 14,838.20 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **120,578.49** | **88,983.22** | **59,019.78** |
| 3.8 | Provision for Possible Loss | | - | 16,797.55 |
| **D** | **Operating profit (C-3.8)** | **120,578.49** | **88,983.22** | **42,222.23** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 3,764.63 | 10,087.99 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **124,343.12** | **99,071.21** | **42,222.23** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **124,343.12** | **99,071.21** | **42,222.23** |
| 3.12 | Provision For Staff Bonus | 12,434.31 | 9,907.12 | 3,838.38 |
| 3.13 | Provision For Tax | 33,572.64 | 26,749.23 | 11,515.15 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **78,336.17** | **62,414.86** | **26,868.69** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.63 % | 10.88 % | 13.74 % |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 3.65 % | 4.82 % | 2.53 % |
| 4.3 | Total Loan Loss Provision to total NPL | 44.20 % | 35.78 % | 83.97 % |
| 4.4 | Cost of Funds | 6.56 % | 9.00 % | 9.87 % |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 249.78 % | 229.72 % | 199.52 % |

**Note:** The above figures are subject to change upon otherwise instructions from Statutory Auditors & Supervising Authority.

| Interest rate on Deposit and Loan & Advances | |
|---|---|
| **Deposit 4 % to 10 %** | **Loan 15 %** |

नोट: यही मिति २०७७।०३।२२ देखि आरम्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा मर्जर भएको हुँदा Corresponding Previous Year Quarter Ending मा चौतारी लघुवित्त वित्तीय संस्थाको तथ्याङ्क मात्र समावेश गरिएको छ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को**
**अनुसूची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

# आर्थिक वर्ष २०७७/०७८ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वितिय विवरण :**

**क) त्रैमासिक अवधिको वासलत, नाफा/नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।**

**ख) प्रमुख वित्तीय अनुपातहरु:**

| प्रति शेयर आम्दानी | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३६.४२ (वार्षिकीकरण गर्दा) | ४५.५७ | १४३.३१ | १४४३.०५ | ४.६९ |

**२. व्यवस्थापकिय विश्लेषण :**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धि विवरण :

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलता सन्तोषजनक हुनुको साथै संस्थाको आम्दानी व्यवसायिक योजना अनुरुप नै रहेको छ । तथापि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारणले वित्तीय संस्थाका सूचाङ्कहरुमा केही असर पर्न गएको देखिन्छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : वित्तीय संस्थाले देशका ७ प्रदेश ५२ जिल्ला मार्फत जम्मा १३७ वटा शाखा कार्यालयहरुवाट वित्तीय सेवा प्रदान गर्दै आएको छ । संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेका दुर्गम स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ ।

यस त्रैमासको अन्तसम्ममा यस वित्तीय संस्थाले कूल ७८,८१९ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरेको छ । कर्मचारीको क्षमतामा अभिवृद्धि गरी कार्यकुशलतामा अभिवृद्धि गर्न, उत्पादकत्व वृद्धि गर्न, तथा कार्यक्रमलाई थप प्रभावकारीरुपमा संचालन गर्न कर्मचारीलाई आवश्यक तालिम तथा अन्तर क्रियामा संलग्न गराई कर्जा तथा कार्यक्रमको गुणस्तर वृद्दी गर्न जोड दिईएको छ ।

वित्तीय संस्थाले आफ्नो व्यवसायलाई थप प्रर्वद्धन गर्ने क्रममा यही मिति २०७७/०९/१३ गते विपिडब्लु लघुवित्त वितिय संस्था लिमिटेड र देउर ली लघुवित्त वित्तिय संस्था लिमिटेडलाई प्राप्ती (Acquisition) गर्ने सम्वन्धी सहमति पत्र (MOU) लाई मिति २०७७/१२/३१ गतेको वार्षिक साधारणसभवाट स्विकृत प्रदान गरेको छ ।

ग) विगतको अनुभव वाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्नसक्ने घटना आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण : लघुवित्त संस्थाहरुको वाक्लो उपस्थितीले हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा तथा कर्जा लगानीमा निर्धारित व्याजदरको सिमा जस्ता कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनावाट पर्नसक्ने असरवाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन सचेत एवम् अग्रसर छ । हाल कोभिड-१९ को महामारी तथा संक्रमणको कारणले संस्थाको कारोवार सुचारुरुपमा संचालन गर्न कठिनाई भई रहेको परिप्रे क्षमा अपेक्षित लक्ष्य, नाफा तथा नगद प्रवाहमा असर पर्ने देखिन्छ । तथापी विगतको अनुभवलाई प्रयोग गरि जोखिम न्यून गर्न सकिने कुरामा व्यवस्थापन विश्वस्त छ ।

**३) कानुनी कारवाहि सम्वन्धि विवरण :**

क) यस अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्धा दायर गरेको वा भएको वारे कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र विनिमय वजारको खुल्ला वजार कारोवारले यस संस्थाको वजार मुल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्वन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधिमा संस्थाको शेयर कारोवार निम्न विवरण अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९३८ | ११३२ | १६६० | ५९ | १६९२३ | ९८,६०,४७,९०० | ६३३३३६ | |

**५. समस्या तथा चुनौती**

क) लघुवित्त वित्तीय संस्थाहरुको शाखा विस्तार हुने क्रम जारी रहेको हुँदा यी संस्थाहरुवीच उत्पन्न प्रतिस्पर्धा, वढ्दो कोरोना भइरसको प्रकोप तथा सदस्यहरुको दोहोरोपनाको कारण चुनौतीहरु थपिदै गईरहेका छन् । यसका साथै नियमनकारी निकायवाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम, आदिको कारण संस्थामा संचालन जोखिम वहन सक्ने र सोको न्यूनीकरणका लागि थप चुनौती रहेको छ ।

ख) लघुवित्त वित्तीय संस्थाहरुको संख्यात्मक वृद्धि, अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपना, सदस्यहरुमा कर्जाको अधिक भार आदि कारणले कार्यक्रमको गुणस्तर कायम राख्न थप चुनौतीको सामना गर्नु परेको छ ।

ग) वित्तीय संस्था मार्फत पिछडिएका समुदायलाई वित्तिय सेवा प्रदान गर्ने कार्ययोजना अनुरुप कार्यक्रम अघि वढाईएको छ । लगानीलाई विविधिकरण गरी जोखिम न्यूनीकरण गर्नु मुख्य रणनीति रहेको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धिसँगै, सेवाको गुणस्तरमा सुधार गर्दै जाने रणनीति रहेको छ ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सवै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभूती गराउन संस्था सदैव क्रियाशील छ । यस संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरु तथा कानूनहरुको परिपालना गरिएको छ । संस्थाको संचालक समिति, आन्तरिक लेखापरीक्षण समिति र व्यवस्थापन समूह संस्थामा संस्थागत सुशासन कायम राख्न प्रतिवद्ध छन् । संस्थासंग भएका लिखित नीति, नियम र निर्देशिकाहरुले संस्थाको संचालन र सुशासनको सुनिश्चिता गरेको विश्वास छ ।

**७. सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष् गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।